# सोरु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## जिमा,मुगु

## १८ (अठारौ गाउँसभा)-अधिवेशन

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा
कर्णाली प्रदेश

**आ.ब. २०८३/०८४ को निति तथा कार्यक्रम**

**२०८३ असार १०**

सोरु गाउँपालिका

जिमा,मुगु

Dharma Bahadur Shahi
chair person

**धर्म बहादुर शाही**
**गाउँपालिका अध्यक्ष**

गाउँसभाका आदरणीय सदस्यज्यूहरू,

सोरु गाउँपालिकाको दिगो र सन्तुलित विकासको लागि विगतका अनुभवहरूलाई मार्गदर्शक मान्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। यस वर्ष पनि हाम्रो गौरवमय नारा "रैथाने बाली पर्यटन र पूर्वाधार: सुशासन र समृद्धि सोरुवासीको आधार" लाई निरन्तरता दिँदै सोरुवासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने संकल्पका साथ देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू अघि सारिएको छ:

## आर्थिक विकास (कृषि, पशुपालन तथा उद्यम विकास)

१. रैथाने बाली प्रवर्धन र बजारीकरण: स्थानीय सहकारीहरूसँगको साझेदारीमा स्थानीय स्तरमा उत्पादित चिनु कागुनु, गहु, कोदो , मकै, कोदो, सिमी, फापर, भटमास र रैथाने चामलको न्यूनतम समर्थन मूल्य तोकी खरिद र बिक्री व्यवस्थालाई थप सुदृढ गरिनेछ। पालिकाका मुख्य नाका र पर्यटकीय क्षेत्रमा 'सोरु कोशेली गृह' स्थापना गरी संचालनमा ल्याइनेछ।

२. जडीबुटी तथा अर्गानिक चिया प्रवर्धन: स्थानीय स्तरमा पाईने घोडेमजा, गनाईनो, चिराइतो, सेतोचिनी, सतुवा, कटुको, नकों लगायतका बहुमूल्य जडीबुटी र अर्गानिक चियाको व्यावसायिक प्रशोधन, ब्रान्डिङ र बजारीकरणका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ।

३. कृषि पूर्वाधार र प्रविधि: 'कृषि सडक' हरूको स्तरोन्नति गर्दै साना तथा बहुवर्षीय सिँचाई कुलो निर्माण र मर्मत कार्यलाई तीव्र पारिनेछ। वास्तविक किसान पहिचानका लागि 'कृषक परिचयपत्र' वितरण कार्यलाई पूर्णता दिई उत्कृष्ट कृषकहरूलाई पुरस्कृत गरिनेछ।

४. उद्यमसँग स्वरोजगार: "उद्यमसँग उपाध्यक्ष लघु उद्यम स्वरोजगार" र "सोरुमा केही गरौं" अभियान अन्तर्गत स्थानीय स्तरमै उद्यम सुरु गर्न चाहने युवा तथा महिलाहरूलाई व्यवसाय दर्तामा पूर्ण छुट र प्रविधि हस्तान्तरणको व्यवस्था मिलाइनेछ।

५. परम्परागत सीप आधुनिकीकरण: दलित समुदायको रैथाने आरण व्यवसायलाई आधुनिक मेसिनरी औजार हस्तान्तरण गरी व्यवसायीकरण गरिनेछ। स्थानीय स्तरमा हेयर कटिङ सैलुन र छाला जुत्ता सिलाई मर्मत केन्द्र संचालन गर्न युवाहरूलाई नगद प्रोत्साहन दिइनेछ।

६. पशुको खोप अभियान नश्ल सुधार दाना घास विकास प्रयोत शाला दुध मासु अन्डामा आत्मनिर्भर बनाउने पशु बिमा बाखा भेडा कुखुरा प्रवधन कार्यक्रम सुचारु गरिने छ ।

## सामाजिक विकास (शिक्षा, स्वास्थ्य र समावेशीकरण)

७. गरिब लक्षित शिक्षा र स्वयंसेवक शिक्षक: "पालिकाको इच्छा: गरिबले शिक्षा" नीति अन्तर्गत प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिइनेछ। शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरूमा 'स्वयंसेवक शिक्षक' को परिचालनलाई निरन्तरता दिँदै बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूको

Dharma Bahadur Shahi
Chairperson

थप पारिश्रमिकको व्यवस्था मिलाइनेछ साथै सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीहरूले सामुदायिक विद्यालयमा आफ्नो बालबालिकाहरुलाई अध्ययन गराएमा प्रोत्साहन स्वरुप उचित पुरस्कारको प्रबन्ध मिलाइनेछ ।

८. डिजिटल सिकाई (Digital Innovation): विद्यालयहरूमा इन्टरनेट र सूचना प्रविधिको विस्तार गरिनेछ। कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूको स्वअध्ययनका लागि डिजिटल एप (Digital App) को प्रयोगलाई अनिवार्य र प्रभावकारी बनाइनेछ। जेहेन्दार तथा विपन्न विद्यार्थीका लागि 'अध्यक्षसँग विपन्न लक्षित छात्रवृत्ति' सोझै बैंक खातामा जम्मा गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

९. गुणस्तरीय स्वास्थ्य र रैथाने उपचार: प्रत्येक वडाका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, उपकरण र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गरिनेछ। आधुनिक (एलोपैथिक) औषधिको जथाभावी प्रयोगलाई न्यूनीकरण गर्दै प्राकृतिक आयुर्वेदिक, योग, ध्यान र होमियोप्याथिक उपचार पद्धतिलाई प्रवर्धन गर्न स्वास्थ्य शिविरहरू संचालन गरिनेछ।

१०. बालविवाह मुक्त पालिका अभियान: बालबालिकाको अधिकार संरक्षणका लागि बालक्लब गठन र परिचालन गरिनेछ। बहुआयामिक सचेतना कार्यक्रमहरू संचालन गरी 'बालविवाह मुक्त सोरु गाउँपालिका' घोषणाको आधार तयार गरिनेछ।

११. महिला, जेष्ठ नागरिक र अपाङ्गता संरक्षण: लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अपनाइनेछ। ४० देखि ५९ वर्षका एकल पुरुषहरूलाई 'अध्यक्षसँग जीवन निर्वाह भत्ता' लाई निरन्तरता दिइनेछ। अपाङ्गता भएका व्यक्तिहरूका लागि समाजमा पुनःस्थापना र सहायक सामग्री वितरणका लागि विशेष घुम्ती शिविर संचालन गरिनेछ।

१२. आवासिय विद्यालय संचालन तथा व्यवस्थपनको कार्यलाई निरन्तरता दिदै पठनपाठन कार्यलाय नियमित गर्नको लागि विद्यार्थी छनोट प्रक्रिया अगाडी बढाईने छ ।

१३. नेपाल सरकारको निति तथा कार्यक्रम अनुसार सोरु गाउँपालिकाको भौगोलिक वस्तुस्थितिलाई मध्येनजर गर्दै विद्यालय विद्यार्थी संख्याका आधारमा दरवन्दी मिलान तथा विद्यालय समायोजन प्रक्रियालाई यथाशिघ्र अगाडी बढाइने छ ।

१४. गाउँपालिकामा गुणस्तरिय शिक्षा सूनिश्चित गर्न यस गाउँपालिकामा संचालित सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन निरीक्षण कार्यलाई निरन्तरता दिदै मूल्याङ्कन प्रणाली वार्षिक रुपमा गाउँपालिका स्तरिय बनाइने छ ।

१५. नेपाल सरकारले आइतवार र शनिवार बिदा दिने निर्णय गरी कार्यान्वयन भैरहेकोले विद्यालय शिक्षालाई व्यवस्थित बनाउनको लागि वर्षे बिदालाई दशैं र तिहार बिदासंगै जोडेर वर्षमा एक पटक मात्र बिदा दिने निति बनाइ कार्यान्वयन गरिनेछ ।

Dharma Bahadur Shahi
chair person

१६. यस सोरु गाउँपालिकामा संचालित सामुदायिक सिकाइ केन्द्रहरुलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि नियमन प्रक्रियालाई कडाइका साथ नियम गरिने प्रक्रिया अगाडी बढाइने छ ।

## पूर्वाधार विकास (सडक, खानेपानी, उर्जा र आवास)

१७ . आयोजना बैंक र सुधारिएको विधि: विकास आयोजनाहरू संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा मात्र छनोट गरी "आयोजना बैंक (Project Bank)" मा समावेश भएका योजनाहरूमा मात्र बजेट बिनियोजन गर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ। सडक निर्माणमा नयाँ ट्र्याक खोल्नुभन्दा पुराना सडकको स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ।

१८. मर्मत सम्भार र लगानी प्रणाली: गाउँपालिका भित्रका सडक, कुलो, सार्वजनिक भवन आदिको लगत PAMS-V२ प्रणालीमा दर्ता गरी 'मर्मत सम्भार कोष' को अधिकतम उपयोग गरिनेछ। ठूला योजनाहरूमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) अनिवार्य गरिनेछ।

१९. एक घर, एक धारा र मुहान संरक्षण: स्वच्छ र सुरक्षित खानेपानीको पहुँच पुऱ्याउन मुहान संरक्षण र ठूला खानेपानी आयोजना निर्माणमा संघ र प्रदेश सरकारसँग साझेदारी गरिनेछ।

२०. पूर्ण विद्युतीकरण र वैकल्पिक उर्जा: नेर खोला, रुम खोला, महादेव खोला, दइ खोला र गुल्मघाट जलविद्युत आयोजनाहरूको मर्मत सम्भार गरी विद्युत सेवा नियमित गरिनेछ। राष्ट्रिय प्रसारण लाइन नपुगेका बस्तीहरूमा वैकल्पिक सौर्य उर्जाको व्यवस्था मिलाइनेछ ।

२१. सुरक्षित आवास र सहरी पूर्वाधार: गाउँपालिका भित्र भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी 'नक्सा पास' को प्रावधानलाई अनिवार्य र कडा बनाइनेछ। निर्माणाधीन १० शैयाको अस्पताल भवन र वडा कार्यालय भवनहरू यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

२२. दोमुख नाक्चेलाग्ना सडक यस सोरु गाउँपालिका वडा नं ११ दोमुखसम्म सडक बितार भैसकेको र मोटरेवल पुलको ठेका सम्झौता समेत विवादित रहेको अवस्थालाई मध्येनजर गर्दै यस आर्थिक वर्षको बजेट मार्फत दोमुख वेलिब्रिज पुल निर्माणको लागि बजेट व्यवस्था गरिने छ । सबै अन्तरपालिका जोड्ने सडक बिस्तारको लागि विशेष बजेटको व्यवस्था मिलाइने छ ।

## वन, वातावरण, पर्यटन र विपद व्यवस्थापन

२३. पर्यावरण अनुकूल पूर्वाधार (GRID Approach): विकास निर्माणका पूर्वाधारहरूलाई जलवायु उत्थानशील, श्रम केन्द्रित र वातावरण अनुकूल बनाउन GRID Approach र जैविक इन्जिनियरिङ (Bio-Engineering) प्रविधिलाई अनिवार्य गरिनेछ।

२४. सोरुको मौलिक पर्यटन: सोरुका ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय स्थलहरूको संरक्षण गर्दै मौलिक संस्कृति झल्किने भिडियो डकुमेन्ट्री मार्फत राष्ट्रिय स्तरमा पर्यटन प्रवर्धन गरिनेछ।

Dharma Bahadur Shahi
chair person

CamScanner

२५. विपद प्रतिकार्य र व्यवस्थापन: स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) लाई चौबीसै घण्टा तयारी अवस्थामा रहने गरी स्रोत-साधन सम्पन्न बनाइनेछ। विपदजन्य जोखिम न्यूनीकरणका लागि जिल्ला विपद व्यवस्थापन समितिसँगको समन्वयमा पूर्वतयारी तथा प्रतिकार्य योजना लागू गरिनेछ।

## सुशासन, प्रविधि र संस्थागत क्षमता विकास

२६. कागजविहीन (Paperless) र डिजिटल पालिका: गाउँपालिका तथा वडा कार्यालयका सेवाहरूलाई क्रमशः सफ्टवेयर प्रणालीमा आबद्ध गरी कागजविहीन (Paperless) शासन तर्फ उन्मुख गराइनेछ। सबै वडामा गुणस्तरीय इन्टरनेट जडान गरी डिजिटल नागरिक वडापत्र र गुनासो सुनुवाई प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२७. भ्रष्टाचार नियन्त्रण र वित्तीय अनुशासन: उपभोक्ता समिति मार्फत हुने कामहरूमा ठूला मेसिन (डोजर/एक्साभेटर) को प्रयोगलाई निरुत्साहित गरी स्थानीयलाई रोजगारी दिइनेछ। बेरुजु फर्स्यौट, सार्वजनिक खरिद योजना र संगठनको आन्तरिक नियन्त्रण प्रणालीलाई पारदर्शी बनाइनेछ।

२८. आन्तरिक आय र राजश्व सुधार: गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न 'राजश्व सुधार कार्ययोजना' लागू गरिनेछ। पालिकाको आन्तरिक विकास र सेवा प्रवाहमा सहयोग पुऱ्याउन JCB/भारी यन्त्र खरिद गरी उपकरणको व्यावसायिक र पारदर्शी सञ्चालन सुनिश्चित गरिनेछ।

२९. कर्मचारी जवाफदेहिता र सुदृढीकरण: कार्यालय समयमा अनुपस्थित रहने वा पालिकाको हित विपरीत गतिविधि गर्ने कर्मचारीहरूलाई प्रशासनिक नियन्त्रणमा राखिनेछ र उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ।

आदरणीय गाउँसभा सदस्यज्यूहरू,

"असार मसान्तमा बजेट सक्ने" परम्परागत प्रवृत्तिको अन्त्य गर्दै आर्थिक वर्षको सुरुदेखि नै योजनाबद्ध रूपमा काम सम्पन्न गर्ने परिपाटी हामीले बसाल्नुपर्नेछ। प्रस्तुत नीति तथा कार्यक्रमले सोरु गाउँपालिकामा सुशासन, पारदर्शी र आर्थिक रूपमा सबल समाज निर्माण गर्नेछ भन्ने विश्वास लिएको छु। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण राजनीतिक दल, कर्मचारी वर्ग, नागरिक समाज, संचारकर्मी र आम सोरुवासी दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक सहयोगको अपिल गर्दछु।

अध्यक्ष

सोरु गाउँपालिका